# रोङ गाउँपालिका

## इलाम, कोशी प्रदेश, नेपाल

## गाउँ कार्यपालिकाको बैठक

**आ. व.**:२०८१/०८२

**बैठक संख्या** : ०७-२०८१/०८२ **मिति** :२०८१/०९/०५

आज मिति २०८१ पुस ५ गते शुक्रबारका दिन रोङ गाउँपालिकाका अध्यक्ष श्री मनि कुमार स्याङ्बो ज्यूको अध्यक्षता तथा देहायको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्नानुसारको निर्णय गरियो।

**उपस्थिति :**

| क्र. सं. | नाम, थर | पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री मनि कुमार स्याङ्बो | अध्यक्ष | ९८५२६७८७३२ | |
| २ | श्री विष्णुमाया खवास | उपाध्यक्ष | ९८४४६३१५१७ | |
| ३ | श्री मनोहरि खड्का | १ नं. वडा अध्यक्ष | ९८५२६४०५७० | |
| ४ | श्री चन्द्र शेखर घिमिरे | २ नं. वडा अध्यक्ष | ९८१६९५३४९३ | |
| ५ | श्री मातृका बराल | ३ नं. वडा अध्यक्ष | ९८४२६२४११४ | |
| ६ | श्री राज कुमार लाप्चा | ४ नं. वडा अध्यक्ष | ९८१४०४०२९४ | |
| ७ | श्री दल बहादुर पुलामी | ५ नं. वडा अध्यक्ष | ९८४१७००३४० | |
| ८ | श्री सत्यम राई चौरासे | ६ नं. वडा अध्यक्ष | ९८६४९१२३२ | |
| ९ | श्री नानू तामाङ | कार्यपालिका सदस्य | ९८१४९१२२३१ | |
| १० | श्री मिनादेवी तामाङ | कार्यपालिका सदस्य | ९८२४९६७९६२ | मिना। |
| ११ | श्री लक्ष्मी नेपाली | कार्यपालिका सदस्य | ९८१४०८७४७१ | |
| १२ | श्री इन्दिरा देवी विश्वकर्मा | कार्यपालिका सदस्य | ९८०४९२९०९९ | |
| १३ | श्री युवराज खापुवा राई | कार्यपालिका सदस्य | ९८४२६६८३१४ | |
| १४ | श्री दया कुमारी दियाली | कार्यपालिका सदस्य | ९८१६०३२६०७ | दया |
| १५ | श्री विनोद कुमार चौहान | सचिव | ९८५२६४२०२० | |
| १६ | श्री नारायण अर्याल | आमन्त्रित | ९८५२६४४६९९ | |

१७ श्री मनोज काउराई ''

१८ शशान्त भट्टराई ''

# रोङ गाउँपालिका

## इलाम, कोशी प्रदेश, नेपाल

## गाउँ कार्यपालिकाको बैठक

**आ. व.:२०८१/०८२**

**बैठक संख्या :** ०७-२०८१/०८२ **मिति :**२०८१/०९/०५

---

प्रस्ताव १ : अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समीक्षा सम्बन्धमा।

निर्णय १ : कार्यपालिकाको मिति : २०८१/०८/१४ गतेको बैठकको निर्णय कार्यान्वयनको सम्बन्धमा समीक्षा गरियो।

प्रस्ताव २ : सेवा प्रवाहको समीक्षा सम्बन्धमा।

निर्णय २ : गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था तथा गाउँ कार्यपालिका मातहतका अन्य कार्यालयबाट भइरहेका सेवा प्रवाहको समीक्षा गरियो। कमी कमजोरीहरु हटाउँदै अघि बढ्ने निर्णय गरियो।

प्रस्ताव ३ : आर्थिक तथा प्रशासनिक कामकारबाहीहरुको अनुमोदन गर्ने सम्बन्धमा।

निर्णय ३ : रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट चालू आर्थिक वर्ष २०८१/०८२ मा हालसम्म भएका योजना तथा कार्यक्रमको भुक्तानीका साथै नियमित तथा आकस्मिक प्रकृतिका सम्पूर्ण आर्थिक कारोबार तथा प्रशासनिक कामकारबाहीहरुलाई अनुमोदन गर्ने।

प्रस्ताव ४ : दैनिक ज्यालादारीमा हलुका सवारी चालकलाई कामकाजमा लगाउने सम्बन्धमा।

निर्णय ४ : निर्वाचन आयोग, नेपालबाट एक हलुका सवारी साधन प्राप्त हुने भएको हुँदा करारमा सवारी चालक नियुक्त नगरेसम्मका लागि रोङ गाउँपालिका, वडा नं. ६ का हर्क बहादुर तामाङलाई चालू आर्थिक वर्ष २०८१/०८२ का लागि रोङ गाउँपालिकाको स्वीकृत दररेटका आधारमा भुक्तानी दिने गरी दैनिक ज्यालादारीका हिसाबले कामकाजमा लगाउने।

प्रस्ताव ५: योजनाको म्याद थप गर्ने सम्बन्धमा।

निर्णय ५ : ठेक्का नं. RRM/ILAM/NCB/WORKS/2078/079-04 रहेको प्रमुख प्रशासकीय भवन शीर्षकको योजनाको म्याद २०८२ असार मसान्तसम्म थप गर्ने।

प्रस्ताव ६ : 'रोङ गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४' संशोधन गर्ने सम्बन्धमा।

<u>निर्णय ६</u> : 'रोङ गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४' संशोधन गरी देहायको व्यवस्था थप गर्ने :

**७ क. <u>आयोजनाको म्याद थप</u> :** (१) सम्झौतापत्रमा तोकिएको म्यादभित्र कार्य सम्पन्न हुन नसक्ने परिस्थिति देखा परेमा उपभोक्ता समितिले मुनासिब कारण खुलाई आयोजनाको म्याद थपका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिनु पर्नेछ । यस्तो निवेदन आयोजनाको म्याद सकिनुभन्दा कम्तीमा सात दिन अगावै दिनु पर्नेछ । उक्त निवेदनसाथ 'म्याद थप गर्नका लागि निवेदन दिने' विषयको समितिको बैठकको निर्णय र सम्बन्धित वडा कार्यालयको सिफारिस समेत संलग्न गर्नु पर्नेछ ।

(२) आयोजनाको म्याद थपको निवेदन प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले पूर्वाधार शाखालाई आयोजनास्थलको स्थलगत अवलोकन गराई प्रतिवेदन पेश गर्न पत्राचार गर्नेछ । प्राविधिक प्रतिवेदनसहितको रायका आधारमा प्रमुख प्रशासकीय अधिकृतले बढीमा १ महिना म्याद थप गर्न सक्नेछ। प्रमुख प्रशासकीय अधिकृतले एकपटकभन्दा बढी म्याद थप गर्न सक्नेछैन।

(३) कुनै पनि आयोजनाको १ महिनाभन्दा बढी अवधि वा एकपटकभन्दा बढी पटक म्याद थप गर्नुपर्ने भएमा गाउँ कार्यपालिकाको निर्णय आवश्यक पर्नेछ। गाउँ कार्यपालिकाको निर्णय गर्नुपर्ने अवस्थामा पनि उपदफा १ बमोजिमका कागजात अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ।

(४) कुनै पनि उपभोक्ता समितिले म्याद थप नगरी म्याद नाघेर कार्यसम्पन्न गरी भुक्तानी लिन आएमा कुल सम्झौता रकमको १०% मा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५% का दरले म्याद नाघेको जम्मा दिनलाई गुणन गरी हुन आउने रकम पूर्वनिर्धारित क्षतिपूर्ति कटाई बाँकी हुन आउने रकम मात्र भुक्तानी दिइनेछ । तर पूर्वनिर्धारित क्षतिपूर्ति तिर्दैमा कुनै पनि उपभोक्ता समितिले सम्झौता बमोजिमको कार्य सम्पन्न गर्ने दायित्वबाट मुक्त हुने छैन।

---

*स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा (२) को देहाय (ज) बमोजिम प्रमुख प्रशासकीय अधिकृतको हैसियतले गाउँ कार्यपलिकाको बैठकको निर्णय प्रमाणित गर्दछु।*

*सही :* [signature] 2078-05-07

*नाम : विनोद कुमार चौहान (प्रमुख प्रशासकीय अधिकृत)*

*पद : प्रमुख प्रशासकीय अधिकृत*